# खार्पूनाथ गाउँपालिकाको आर्थिक ऐन २०८२

## खार्पूनाथ गाउँपालिकाको अर्थिक सम्बन्धि प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेक

प्रस्तावना :

खार्पूनाथ गाउँपालिकाको आर्थिक वर्ष २०८२।०८३ को आर्थिक सम्बन्धि प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२८ को उपधारा २ बमोजिम खार्पूनाथ गाउँपालिकाको गाउँ सभाले यो ऐन बनाएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भ :**

- यस ऐनको नाम आर्थिक ऐन २०८२ रहेको छ ।
- यो ऐन २०८२ साल श्रावण १ गते देखि खार्पूनाथ गाउँपालिका क्षेत्रमा लागु हुनेछ

**२. सम्पति कर :**

खार्पूनाथ गाउँपीलिका क्षेत्रभित्र अनुसुची-१ बमोजिम घरजग्गा कर लगाइने र असुल उपर गरिनेछ ।

**३. भुमि कर (मालपोत) :**

खार्पूनाथ गाउँपालिका क्षेत्रभित्र अनुसुची-१ बमोजिम भुमिकर मालपोत कर लगाईने र असुल उपर गरिनेछ ।

**४. घर, जग्गा बहाल कर :**

खार्पूनाथ गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पुरै वा आंशिक तवरले वहालमा दिएकोमा त्यस्तो बहाल रकममा अनुसुचि-२ बमोजिम घर जग्गा वहाल कर लगाइने र असुल गरिनेछ ।

**५. व्यवसाय कर :**

खार्पूनाथ गाउँपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पुँजीगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसुचि-३ बमोजिम व्यवसाय कर लगाइने र असुल उपर गरिनेछ ।

कर्ण वहादुर रावल
अध्यक्ष

६. जडिबुटी, कवाडी र जीवजन्तु कर :

खार्पूनाथ गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, वनकस, कवाडी माल र प्रचलित कानुनले निषेध गरिएको जीवजन्तु वाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिंग, प्वाँख, छाला जस्ता बस्तुको व्यवसायिक कारोवार गरेवापत अनुसुचि-४ बमोजिमको कर लगाइने र असुल उपर गरिनेछ ।

७. गाउँपालिका बाट सञ्चालित सवारी साधन कर :

खार्पूनाथ गाउँपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा अनुसुची- ९ बमोजिम सवारी साधन कर लगाइने छ र उक्त कर सम्बन्धित प्रदेशले असुल गरी अन्तर सरकारी वित्त व्यवस्थापन ऐन २०७४ बमोजिम स्थानीय तहको विभाज्य कोष मार्फत् गाउँपालिकाको संचित कोषमा बाँडफाँड गर्नुपर्नेछ ।

८. विज्ञापन कर :

खार्पूनाथ गाउँपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसुची-५ बमोजिम विज्ञापन कर लगाइने र असुल उपर गरिनेछ । यसरी कर संकलन गर्दा अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ बमोजिम सम्बन्धित प्रदेशले निर्धारण गरेको विज्ञापन कर समेत संकलन गरी प्रदेश विभाज्य कोषमा राजस्व बाँडफाँड गर्नुपर्नेछ ।

९. मनोरन्जन कर :

खार्पूनाथ गाउँपालिका क्षेत्रभित्र हुने मनोरन्जन व्यवसाय सेवामा अनुसुची-६ बमोजिम व्यवसाय कर लगाइने र असुल उपर गरिनेछ । यसरी कर संकलन गर्दा अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ बमोजिम सम्बन्धित प्रदेशले निर्धारण गरेको विज्ञापन कर समेत संकलन गरी प्रदेश विभाज्य कोषमा राजस्व बाँडफाँड गर्नुपर्नेछ ।

१०. बहाल बिटौरी शुल्क :

खार्पूनाथ गाउँपालिका क्षेत्रभित्र आफुले निर्माण, रेखदेख वा संचालन गरेका हाट बजार, पसल वा सरकारी जग्गामा अनुसुचि-१० मा उल्लेख भए अनुसार बहाल बिटौरी शुल्क लगाइने र असुल गरिनेछ ।

११. ट्रेकिङ्ग, कोयोकिड, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र र्याफ्टीङ्ग शुल्कः

खार्पूनाथ गाउँपालिकाले आफ्नो क्षेत्रभित्र ट्रेकिङ्ग, कोयोकिड, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र र्याफ्टीङ्गसेवा वा व्यवसाय संचालन गरेवापत अनुसुचि-७ बमोजिमको शुल्क लगाइने र असुल उपर गरिनेछ ।

कर्ण बहादुर रावल
अध्यक्ष

**१२. सेवा सुल्क, दस्तुर :**

खार्पूनाथ गाउँपालिकाले निर्माण, संचालन वा व्यवस्थापन गरेका अनुसुचि-८ मा उल्लिखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीवाट सोही अनुसुचीमा व्यवस्था भए अनुसार शुल्क लगाइने र असुल उपर गरिनेछ ।

**१३. पर्यटन प्रवेश शुल्क :**

खार्पूनाथ गाउँपालिकाले आफ्नो क्षेत्रभित्र निर्माण गरेका उद्यान, पार्क, चिडियाखाना, ऐतिहासिक तथा पुरातात्विक सम्पदा, संग्राहलय जस्ता सम्पदा उपयोग गरे वापत पर्यटकहरुबाट अनुसुची-३ मा उल्लिखित दरमा पर्यटन प्रवेश शुल्क लगाईने र असुल उपर गरिनेछ ।

१४. खार्पूनाथ गाउँपालिका भित्रका विभिन्न नदी, खोला, नाला, ऐलानी, प्रति जग्गा लगायतबाट ढुंगा, गिट्टी, बालुवा, माटो लगायतका नदीजन्य पदार्थहरुको अनधिकृत रुपमा उत्खनन्, संकलन, ढुवानी आदि कार्य गरिरहेको अवस्थामा अनुसुचि-३ बमोजिमका साधनहरुका देहाय बमोजिमको दण्ड जरिवाना असुल उपर गरिनेछ ।

१५. स्थानीय तहको क्षेत्राधिकार भित्र पर्ने तर यस ऐनमा उल्लेख नभएका कर, शुल्क, दस्तुर संघिय आर्थिक ऐन २०८२ र प्रदेश आर्थिक ऐन २०८२ मा उल्लेख भए बमोजिम कर शुल्क दस्तुर लाग्नेछ ।

**१६. कर छुट :**

यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिईने छैन ।

**१७. कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधि :**

यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधि खार्पूनाथ गाउँपालिकाले तोके अनुसार हुनेछ ।

१८. (१) प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भए तापनि स्थानीय सरकारले आवश्यकता अनुसार यो ऐन र कानुन बमोजिम लगाईने दस्तुर शुल्क महशुल र कर आंशिक वा पूर्ण रुपमा छुट दिन सक्नेछ । त्यस्तो दर घटाएको वढाएको वा छुट दिएको सुचना स्थानीय राजपत्रमा प्रकाशन गर्नुपर्नेछ ।

कर्ण वहादुर रावल
अध्यक्ष

(२) उपदफा १ बमोजिम दर घटाएको बढाएको वा कुनै दस्तुर शुल्क महशुल र कर आंशिक वा पुर्ण रुपमा छुट दिईएको विवरण प्रत्येक वर्ष गाउँपालिकाको गाउँ सभामा पेश गर्नु पर्नेछ ।

## अनुसुची–१

**१. <u>सम्पत्ति कर</u> :**

सम्पत्ति मूल्यांकनको प्रति हजारमा रु. १० पैसाका दरले सम्पत्ति कर लाग्नेछ ।

**<u>भुमिकर</u> :**

| | |
|---|---|
| क) कृषि योग्य जमिन | रु. १० (प्रतिकठ्ठा) |
| ख) आवसि | रु. ३० (प्रतिकठ्ठा) |
| ग) व्यवसायिक | रु. ४० (प्रतिकठ्ठा) |
| घ) औद्योगीक | रु. १०० (प्रतिकठ्ठा) |

**<u>सम्पत्ति कर</u> :**

| | |
|---|---|
| क) आर सि.सि फ्रेम स्ट्रक्चर | रु. १५००। |
| ख) सिमेन्टको जोडाईमा ईटा वा ढुगांको गारो र आ.सी.सी छाना | रु. १०००। |
| ग) माटोको जोडाईमा ईटा वा ढुगांको गारो र आ.सी.सी छाना | रु. ८००। |
| घ) सिमेन्टको जोडाईमा ईटा वा ढुगांको गारो र जस्ताको छाना | रु. ५००। |
| ङ) माटोको जोडाईमा ईटा वा ढुगांको गारो र जस्ताको छाना | रु. ४००। |
| च) काठ वा सिमेन्टको खम्बा भएको घर, जस्ता, टायल, खर को छाना | रु. ३००। |
| छ) कच्ची घर | रु. १००। |

कर्ण वहादुर रावल
अध्यक्ष

**अनुसुची– २**

**१९. घर, जग्गा बहाल कर**

- गाउँपालिका क्षेत्रभित्र कुनै घरजग्गा, गोदाम, ग्यारेज, कारखाना, घरजग्गामा टहरा, पोखरी, मिल आदी बहालमा दिएकोमा दिएको बहाल रकमको १० प्रतिशतका दरले बहाल कर लिने ।
- स्थानीय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद ९ को दफा ५६ बमोजिम राजमार्गसँग जोडिएको जग्गामा प्रति कठ्ठा रु. २० र अन्यमा प्रति कठ्ठा रु. १० लाग्नेछ ।

ऐलानी/प्रति जग्गामा निर्मित घरको घर कर देहाय बमोजिम लाग्नेछ ।

- पक्की घरको रु. ५० का दरले लाग्नेछ ।
- कच्ची घरको रु. २५ का दरले लाग्नेछ ।

अनुसुची– ३

व्यवसाय कर

१. खार्पूनाथ गाउँपालिका मुख्य बजार केन्द्र र सो आसपासका क्षेत्रमा रहेको स्थायी वा अस्थायी टहरा बाट निम्नानुसार दर्ता तथा बार्षिक व्यवसाय कर लिने ।

| | |
|---|---|
| • खाना खाने तथा बास स्थान भएको होटल | रु. १०००। |
| • खाना नास्ता होटल | रु. ८००। |
| • चिया नास्ता होटल | रु. ५००। |
| • खुद्रा तथा होलसेल पसल | रु. १५००। |
| • किराना पसल | रु. १०००। |
| • तरकारी पसल | रु. ५००। |
| • काचो तथा रेडीमेट कपडा पसल | रु. ८००। |
| • स्टेशनरी तथा छापा बनाउने पसल | रु. १०००। |
| • इलोक्ट्रोनिक पसल | रु. १०००। |

कर्ण वहादुर रावल
अध्यक्ष

- श्रृगारको सामान पसल — रु. १०००।
- दुई पांग्रे तथा मोटरसाईकल मर्मत पसल — रु. १५००।
- चार पांग्र तथा ट्याक्टर, वस, जिव, टिप्पर आदी मर्मत पसल — रु. ३०००।
- भाडा वर्तन पसल — रु. १०००।
- हार्डवेयर पसल — रु. ५,०००।
- विद्युत सामाग्र र ईलेक्ट्रीक सामानको पसल — रु. ५,०००।
- पेन्ट मात्रको पसल — रु. ५,०००।
- काठ तथा अन्य फर्निचर बिक्री पसल — रु. २०००।
- छाला जुत्ता एवं अन्य प्रकारका जुत्ता पसल — रु. १०००।
- औषधी बिक्री पसल — रु. १०००।
- ढुंगा, गिट्टी, बालुवा प्रशोधन केन्द्र — रु. २५,०००।
- ग्रील सटर वनाउने वलडिङ्ग गर्ने पसल — रु. १०,००।

नोट : गाउँपालिका क्षेत्र भित्र टहरा, फडमा व्यापार व्यवसाय संचालन गर्दा वातावरण प्रदुषण हुने एवं यातायातको आवत जावतमा असर पार्ने कुरा गाउँपालिका लाई लागेमा त्यस्तो स्थानबाट सो व्यापार व्यवसाय गर्न गाउँपालिकाले प्रतिबन्ध लगाउन सक्नेछ ।

## २. पर्यटकीय होटलको व्यवसाय दर्ता तथा वार्षिक निम्नानुसार लिने ।

- पाँच तारे होटल — रु. ३०,०००।
- चार तारे होटल — रु. २०,०००।
- तीन तारे होटल — रु. १५,०००।
- दुई तारे होटल — रु. १०,०००।
- एक तारे होटल — रु. ५०००।

## ३. पर्यटकीय स्थलहरुमा लगाईने दस्तुर :

- पर्यटकिय धार्मिक स्थलहरुमा प्रतिव्यक्ति — रकम रु. २०

## ४. होटलहरु (बिर्को खोली मदिरा बिक्री गर्ने समेत) मा निम्नानुसारको दर्ता तथा बार्षिक व्यवसायकर लिने

- क श्रेणीको होटल — रु. ५,०००।
- ख श्रेणीको होटल — रु. ४,०००।

कर्ण वहादुर रावल
अध्यक्ष

- ग श्रेणीको होटल रु. ३,०००।
- घ श्रेणीको होटल रु. २,०००।
- दोहरी साँझ एण्ड रेष्टुरेन्ट रु. १०,०००।
- मदिराको डिष्ट्रीबयुटर्स (थोक बिक्रता) रु. ५,०००।
- मदिरा डिलरसिप/पसल संचालन रु. ५,५००।
- जुनकुकै किसिमको मदिरा व्यवसाय दर्ता शुल्क रु. ८,०००।

नोट : होटलको श्रेणी वर्गीकरणका आधारहरु नतोकिएको भए होटलमा लज/गेष्ट हाउस/रेष्टुरा समेतको व्यवस्था भए वेड संख्या, लज संख्या, रेष्टुराको स्तर, सवारी साधन पार्किङ्ग सुविधा, होटल रहेको स्थान, उपलव्ध सेवा सुविधा समेतलाई आधार निश्चित मापदण्ड निर्धारण गरि होटलको श्रेणी निर्धारण गर्न उपयुक्त हुने । यस प्रयोजनका लागि व्यवसाय संग सम्वन्धित संघसस्था र निकायका प्रतिनिधिहरु समेत संलग्न कार्य समुह गठन गरि श्रेणी निर्धारण गर्न उपयुक्त हुने ।

## ५. बिशेष परामर्श तथा सामाजिक परिचालन सम्बन्धि संस्था, व्यवसाय सेवामा कर निम्नानुसार लिने ।

- रु. २० लाख सम्मको व्यवसायमा रु. १५००।
- रु. २० लाख देखि ५० लाख सम्मको रु. ३०००।
- रु. ५० लाख भन्दा माथीको व्यवसायमा रु. ६०००।

## ६. व्यवसाय दर्ता, नविकरण दस्तुर र जरिवाना :

| सि.नं. | पुँजी | दर्ता दस्तुर रकम रु. | नवीकरण दस्तुर | | एक वर्ष नाघेपछि | |
|---|---|---|---|---|---|---|
| | | | पैतिस दिन भित्र | एक वर्ष सम्म | दस्तुर | थप जरिवाना रु. |
| १ | १ लाख रुपैया सम्म | ५०० | ५०० | ७०० | १००० | ५०० प्रतिवर्ष |
| २ | १ लाख रुपैया भन्दा बढी ३ लाख सम्म | ६०० | ६०० | ७५० | १२०० | ६०० प्रतिवर्ष |
| ३ | ३ लाख रुपैया भन्दा बढी १० लाख सम्म | ८०० | ८०० | १००० | १५०० | ८०० प्रतिवर्ष |
| ४ | १० लाख भन्दा बढी २० लाख सम्म | १००० | १००० | १५०० | २००० | १००० प्रतिवर्ष |
| ५ | २० लाख देखि १ करोड सम्म | ३००० | ३००० | ५००० | ५००० | ३००० प्रतिवर्ष |
| ६ | १ करोड देखि माथी | १०,००० | १०,००० | १५००० | १०,००० | १०,००० प्रतिवर्ष |

कर्ण वहादुर रावल
अध्यक्ष

## ७. वैंक तथा वित्तिय संस्था सम्वन्धि व्यवस्था :

| सि.नं | विवरण | नविकरण | दर्ता सुल्क |
|---|---|---|---|
| १ | वैंक, फाईनान्स, वित्तिय संस्थाहरु तथा सहकारी वैंक नाफामुलक मुख्य कार्यालय भएको वैंक तथा फाईनान्स स्थापना दर्ता | ७,०००। | १०,०००। |
| २ | सहकारी संस्था दर्ता | २५०० | ५०००। |
| ३ | ५० लाख सम्मको कारोवार | ५००० | १०००० |
| ४ | ५० लाख भन्दा माथिको कारोवार | ७००० | १५००० |
| ५ | १ करोड भन्दा माथिको कारोवार | १०००० | २०००० |

## ८. लेनदेनको कागजात (तमसुक) प्रमाणीत दस्तुर

- १ लाख सम्म — रकम रु. २००
- १ लाख देखि ३ लाख सम्म — रकम रु ५००
- ३ लाख देखि ५ लाख सम्म — रकम रु. ७००
- ५ लाख देखि १० लाख सम्म — रकम रु. १०००
- १० लाख देखि २० लाख सम्म — रकम रु. १५००
- २० लाख देखि ५० लखा सम्म — रकम रु. २०००।
- ५० लाख देखि १ करोड सम्म — रकम रु. ४,०००।
- १ करोड देखि माथी — रकम रु. १०,०००।

## ९. अन्य दर्ता सम्वन्धि सुल्क :

- कृषक समुह दर्ता नविकरण सुल्क — रुकम रु. ५००
- उपभोक्ता समिति दर्ता तथा नविकरण सुल्क — रकम रु ५००
- आमा समुह दर्ता नविकरण सुल्क — रकम रु. ५००
- मुहान दर्ता नविकरण सुल्क — रकम रु. ५००
- गाउँपालिका बाट प्रदान गरिने सबैखाले प्रमाण पत्र प्रतिलिपि — रकम रु. ५००

कर्ण वहादुर रावल
अध्यक्ष

अनुसुची–४

जडीवुटी कवाडी र जिवजन्तु कर

**१. जिवजन्तु कर**

| | |
|---|---|
| • चौरी याक निकासी | प्रति गोटा रु. ५०० |
| • राँगा भैसी निकासी | प्रति गोटा रु. १०० |
| • गाई गोरु निकासी | प्रति गोटा रु. १०० |
| • च्याग्रा, बाखा, वोका, सुंगुर निकासी | प्रति गोटा रु. ५० |
| • कुखुरा लगायत यस्तै प्रकृतिका पंक्षी | प्रति केजी रु. ५ |
| • भिर मौरी मह | प्रति केजी रु. ५० |
| • घर मौरी मह | प्रति केजी रु. २० |
| • मसु जन्य | प्रति केजी रु. ५ |
| • उन व्यवसाय | प्रति केजी रु. ५ |

**२. जडिबुटी कर**

| | |
|---|---|
| • जटामसी | प्रति केजी रु. १५ |
| • सेतो चिनि | प्रति केजी रु. १० |
| • कुट्की | प्रति केजी रु. २० |
| • सुगन्धवाल | प्रति केजी रु. १० |
| • पोडया | प्रति केजी रु. २०० |
| • गुच्ची च्याउ | प्रति केजी रु. १०० |
| • भोज पत्र | प्रति केजी रु. ५ |
| • वन लसुन | प्रति केजी रु. ५० |
| • सल्लाको काठ | प्रति क्यु.फिट रु. ५ |
| • उत्तिस काठ | प्रति क्यु. फिट रु. ५ |
| • नरम काठ | प्रति क्यु.फिट रु. ५ |
| • कडा काठ | प्रति क्यु.फिट रु. १० |
| • सल्ले खोटो व्यवसाय | प्रति केजी रु. ५ |

कर्ण वहादुर रावल
अध्यक्ष

**३. कबाडी कर**

- पलास्टिक, कागज प्रति के.जी रु. २
- अन्य काबाडी सबैमा प्रति के.जी रु. ५

## अनुसुची–५
## विज्ञापन कर

१. विज्ञापन करको दर प्रदेश कानुन बमोजिम हुनेछ ।

## अनुसुची–६
## मनोरन्जन कर

| | |
|---|---|
| १. केवलकार लाइन प्रति वर्ष | रकम रु. ५००० |
| २. रमाइलो मेला प्रति दिन प्रति व्यक्ति | रकम रु. २०० |
| ३. पिक्निक स्पोर्ट प्रति दिन | रकम रु. ३०० |
| ४. कन्सर्ट होहोरी गित प्रति दिन | रकम रु. १००० |
| ५. स्थानीय नाच झाँकी प्रर्दशन प्रति दिन | रकम रु. ५०० |
| ६. विभिन्न संजाल युवा क्लव यस्तै प्रकृतिको समुह वाट हुने खेलकुद साँस्कृतिक पर्यटन कार्यक्रम वापत प्रतिदिन | रुकम रु. ५०० |
| ७. धार्मिक सप्ताह प्रति दिन | रकम रु. ५०० |

## अनुसुची–७
## ट्रेकिङ्ग, जिपप्लायर, प्याराग्लाइडिङ्ग, वन्जिजम्प, र्‍याफ्टीङ्ग कर :

| | |
|---|---|
| १. ट्रेकिङ्ग प्रति व्यक्ति | रकम रु. १०० |
| २. जिलप्लायर प्रति व्यक्ति | रकम रु. १०० |

कर्ण वहादुर रावल
अध्यक्ष

३. प्याराग्लाइडिङ्ग प्रति व्यक्ति रकम रु. १००

४. र्याफ्टीङ्ग प्रति व्यक्ति रकम रु. १००

५. वन्जिजम्प प्रति व्यक्ति रकम रु. १००

## अनुसुची–८
## सेवा शुल्क दस्तुर

**१. सिफारिसहरु दस्तुर :**

| | |
|---|---|
| • सामान्य सिफारिस | रकम रु. १०० |
| • नगरिकता सिफारिस | रकम रु. १५० |
| • नगरिकता प्रतिलिपि | रकम रु. २०० |
| • अंगिकृत नागरिकता सिफारिस | रकम रु. ५०० |

**२. नाता प्रमाणित दस्तुर :**

| | |
|---|---|
| • नेपालीमा | रकम रु. ५०० |
| • अंग्रेजी | रकम रु. ८०० |

**३. व्यक्तिगत घटना दर्ता दस्तुर :**

| | |
|---|---|
| • पञ्जिकरण ३५ दिन भित्र | निशुल्क |
| • जन्म दर्ता | रकम रु. २००। |
| • मृत्यू दर्ता | रकम रु. २००। |
| • विवाह दर्ता | रकम रु. २००। |
| • वसाईसराई दर्ता | रकम रु. २००। |
| • वसाई सराई सिफारिस | रकम रु. ५००। |
| • सम्बन्ध विच्छेद | रकम रु. ५००। |
| • पञ्जिकरण प्रतिलिपि | रकम रु. ५००। |
| • व्यक्ति प्रमाणित | रकम रु. ५००। |
| • अविवाहित प्रमाणित मुचुल्का समेत | रकम रु. ५००। |
| • घर वाटो सिफारिस | रकम रु. ५०० |

कर्ण वहादुर रावल
अध्यक्ष

बाफिकोट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
चौरजहारी, बाफिकोट, रुकुम
कर्णाली प्रदेश, नेपाल

- जग्गा नामसारी सिफारिस — रकम रु. ५००
- कर चुक्ता प्रमाणीत — रकम रु. १०००
- पेन्सन पट्टा सिफारिस — रकम रु. १००
- पेन्सन पट्टा सिफारिस — रकम रु. १५०
- आय श्रोत प्रमाणित सिफारिस — रकम रु. १००
- न्यायिक समिति निवेद दस्तुर — रकम रु. २००
- सामुदायीक अस्पताल नाम दर्ता शुल्क — रकम रु. ३०
- कृषि, भेटनरी शाखामा नाम दर्ता शुल्क — रकम रु. ३०
- (कन्सुलर प्रमाणीत) वडावाट सिफारिस भएका अंग्रेजी कागाजात गाउँपालिका वाट प्रमाणिकरण — रकम रु. ५००

**४. अन्य दस्तुर**

- योजना कार्यान्वयन पुस्तिका — रकम रु. ५००
- भवन निर्माण नियमितता दरखास्त किताव — रकम रु. ५००
- भवन निर्माणको लागि नक्सा दरखास्त किताव — रकम रु. १०००

अनुसुची– ९

गाउँपालिका बाट संचालित सवारी साधन संचालन दस्तुर :

१. एम्वुलेन्स गाउँपलिका देखि प्रति किलोमिटर — रकम रु. ३००।

२. टिप्पर भाडा दैनिक तेल बाहेक — रकम रु. १०,०००।

३. टिप्पर भाडा प्रतिघण्टा तेल सहित — रकम रु. १५,०००।

४. डोजर भाडा दैनिक तेल बाहेक — रकम रु. १०,०००।

५. डोजर भाडा दैनिक तेल सहित — रकम रु. १५,०००।

कर्ण वहादुर रावल
अध्यक्ष

अनुसुची– १०

१. बहाल बिटौरी शुल्कका दर

- सार्वजनिक स्थलमा व्यवसाय संचालन गरेमा १०० वर्ग फिट सम्म मासिक रुपमा — रकम रु. ३००।
- गाउँपालिका क्षेत्र भित्र सार्वजनिक तथा सरकारी जग्गामा निर्माण भएका घर, टहरा मा — रकम रु. ५००।
- गाउँपालिका क्षेत्र भित्र कर्णाली करिडोरले छोयको सार्वजनिक तथा सरकारी जग्गामा निर्माण भएका घर, टहरा मा — रकम रु. १०००।

२. गाउँपालिकाको सभाहल र सभाहलमा आवश्यक पर्ने प्रोजेक्टर, कुर्चि प्रयोग गरेवापत प्रति दिन रकम रु. १५००।

कर्ण बहादुर रावल
अध्यक्ष